REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs Date: 07.10.2024

सिएम मिटिङ
मुख्यमन्त्री श्री प्रेमसिंह तामङले सरकारी विभागहरूलाई दशैं चाड़ अघिनै अस्थायी कर्मचारीहरूको वेतन जारी गर्ने निर्देश दिनुभएको छ।
गान्तोकको चिन्तन भवनमा आज सबै विभागीय प्रमुखहरूसित बसेको बैठकको अध्यक्षता गर्दै श्री तामङले भन्नुभयो दशैं पर्वमा वेतन प्राप्त नभएर कर्मचारीहरूलाई असुविधा हुनुहुँदैन।
उहाँले वित्त विभाग अन्तर्गत वेतन तथा लेखा प्रभागलाई दशैको विदा अघिनै थाँतीमा रहेका सबै बिल छोड़्ने निर्देश दिनुभएको छ।
बैठकमा बताइए अनुसार चनाउ अघि ड्यूटी जोइन गरेर पनि चुनाउपछि मात्र कार्य गर्ने कर्मचारीहरूको अनुपस्थिथीलाई वेतन रहित अवकाश मानिनेछ।

ड्यूटी जोइन गर्ने वितिकै छुट्टीका लागि आवेदन गर्ने कर्मचारीहरूको पनि वेतन रहित अवकाश हुनेछ।
त्यस्ता अस्थायी कर्मचारीहरू जसले चुनाउअघि आदेश पाएर चुनाउपछि सेवामा सामेल भए उनीहरूले सामेल भएको दिनदेखि वेतन प्राप्त गर्नेछन्।

अर्कातिर जोइन गरेर पनि काममा नआउने अनि जो अनियमित छन् उनीहरूलाई तुरन्तै वर्खास्त गरिनेछ।
बैठकमा के निर्णय लिइयो भने अस्थायी कर्मचारीहरूले छ महीनाको लगातार सेवापछि मात्र विश्राम अवकाश अर्थात् सब्बाटिकल लिभ को अनुमति पाउनेछन्।

यसै गरी विश्राम अवकाश लिन चाहने नियमित सरकारी कर्मचारीहरूले कम्तीमा पनि पाँच वर्षको सेवा पूरा गरेको हुनुपर्छ।
मुख्यमन्त्रीले वर्तमानको मातृत्व अवकाश व्यवस्थामा संशोधन ल्याउने प्रस्ताव अघि बढ़िरहेको घोषणा गर्नुभयो।
यो व्यवस्था अन्तर्गत प्रथम चरणमा महिला कर्मचारीलाई छ महीनाको मातृत्व अवकाश दिइनेछ भने दोस्रो चरणको शिशु हेरचाह अवकाशमा राज्य सरकारमा सेवारत माता वा पिताले थप छ महीनाको छुट्टी उपयोग गर्न सक्नेछन्। यो परिवर्तन सम्वन्धी अधिसूचना चाँड़ै जारी गरिने भएको छ।

सिएम भिजिट
मुख्यमन्त्री श्री प्रेमसिंह तामङले आफ्नो पाकिममा प्रेरणा स्थलको भ्रमण गर्नुभयो । गत वर्षको भयानक बाढ़ीमा ज्यान गुमाउ साहसी जवानहरूको स्मृतिमा राज्यपालको दिशानिरदेशमा यो स्थल निर्माण गरिएको छ।

देशका रक्षा मन्त्री श्री राजनाथ सिंहले आउँदो साताह यस स्मारकको उद्घाटन गर्नुहुने कार्यक्रम छ।

मुख्यमन्त्री प्रेरणा स्थलले आपदामा ज्यान गुमाउनेहरूको स्मरण गराउन मात्र होइन यो भावी पिढीलाई प्रेरित गर्ने हाम्रा जवानहरूको निस्वार्थ सेवा र समर्पणको प्रतीक हुने बताइएको छ।

मुख्यमन्त्रीसित मन्त्रीहरू, विधायकवर्ग अनि भारतीय सेना र राज्य सरकारका वरिष्ट अधिकारीहरू पनि गएका थिए।

श्री तामङले यस पहललाई वास्तविकता बनाउने भारतीय सेवाको समर्पित प्रयासको प्रशंसा गर्नुभयो।
उहाँलेप्रत्येक नागरिकसित उद्घाटन कार्यक्रममा  सहभागी बन्ने आग्रह गर्नुभएको छ।

एस डिएफ मेम्बर रिजाइन
सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ पार्टीका केही नेता र सदस्यहरू गरी जम्मा त्रिचालिस जनाले पार्टीबाट राजीनामा दिएका छन्। यीमध्ये प्रमुख हुनुहुन्छ पूर्व मन्त्री श्री गर्जमान गुरूङ, यसै वर्ष 2024 चुनाउमा आरिथाङ निर्वाचन क्षेत्रका उम्मेदवार श्री आशिष राई र गेजिङ बर्मेक समष्टिका प्रत्याशी डा टीका नेपाल।

पार्टी अध्यक्ष तथा पूर्व मुख्यमन्त्री श्री पवन चामलिङलाई पठाइएको सामूहिक राजीनामा पत्रमा राजीनामाको मुख्य कारण पछिल्लो विधानसभा र लोकसभा चुनाउमा हारपछि पार्टीको निष्क्रियता बताइएको छ।

डिसी नाम्ची मिटिङ
नाम्ची जिल्ला प्रशासनिक केन्द्रमा आज राज्य दिवसको पचासौं वर्षगाँठलाई लिएर तयारी बैठक बस्यो।
यसको अध्यक्षता गर्दै जिल्लाधीश सुश्री अनुपा तामलिङले सामुदायक संलग्नताको महत्व र युवा पिढीलाई व्यावहारिक ऐतिहासिक ज्ञान प्रदान गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

बैठकमा जिल्लाको धनी विरासत र संस्कृतिक  सम्बर्द्धनका लागि विभिन्न प्रतियोगिता र प्रदर्शनीहरू आयोजना गर्ने निर्णय लिइएको छ।
बिबिबिपी गेजिङ
बेटी बचाओ-बेटी बढाओ, पहल अन्तर्गत महिला तथा बाल विकास विभाग गेजिङ जिल्लाले दरपको समन्वित शिशु विकास योजना आइसिडिएस केन्द्रमा दस दिने लामो विशेष कार्यक्रम आयोजन गरिरहेछ।

गत दुई अक्तुवर गान्धी जयन्ती देखि शुरू भएको यो कार्यक्रम आँउदो एघार अक्तुबर अन्तर्राष्ट्रिय बालिका दिवसमा समाप्त हुनेछ। आजको समारोहमा जिल्ला कार्यक्रम अधिकारी (दक्षिण /पश्चिम) तथा उप निदेशक श्री जोशुवा लामाले महिलाहरू विशेष बालिका र किशोरीका कल्याणार्थ शुरू गरिएका सरकारी योजनाहरूबारे जानकारी गरिएका सरकारी योजनाहरूबारे जानकारी दिनुभयो। यसमा वालिकाहरूलाई समामना गर्नुपर्ने चुनौतीहरूको समाधान गर्नुपर्ने आवश्यकता महिला सशक्तिकरण र लिङ्ग समानता जस्ता विषयहरूबारे चर्चा भयो।

बिबिबिपी
महिला तथा वाल विकास विभागको तत्वावधानमा पाकिमको नाम्चेबोङ उच्चत्तर माध्यमिक पाठशालामा पनि आज बेटी बचाओ बेटी पढाओ पहलमाथि जागरूकता कार्यक्रम आयोजित भयो।

यसमा बोल्दै लिङ्क विशेषज्ञ सुश्री कुसुम शर्माले वर्षेनी एघार अक्तुवरमा पालन गरिने अन्तर्राष्ट्रिय बालिका दिवसबारे जानकारी दिनुभयो र भन्नुभयो बालिकाहरूको शिक्षा, स्वास्थ्य रक्षा सँगै समान अवसर उपलब्ध गराएर उनीहरूलाई सशक्त बनाउन आवश्यक छ। उहाँले बालिकाहरूमा व्यक्तिगत सुरक्षाबारे पनि सचेतना ल्याउनुपर्ने कुरो बताउनु भयो।